**मर्स्याङ्दी गाउँपालिकाको ७१ औं बैठकको निर्णयहरु :**

१. आन्तरिक तथा बाह्य पर्यटकहरुको गन्तव्य बनाई पर्यटन प्रवर्द्धन गर्नका लागि निम्न स्थानहरुको डि पि आर गर्ने निर्णय गरियो ।

  १. हर्सिङ डाँडा पर्यटकिय स्थल, मर्स्याङ्दी - ३
  २. डा. हर्क गुरुङ समाधिस्थल, मर्स्याङ्दी - ७
  ३. भक्ति थापा जन्मस्थल पार्क, मर्स्याङ्दी - ३
  ४. शहिद स्मृति पार्क तथा वाल उद्यान, मर्स्याङ्दी - ३

२. वाल शिक्षक, विद्यालय कर्मचारी र कार्यालय सहयोगीहरुलाई २०७७ मंसिर १ गते देखि लागु हुने गरी निम्नानुसार प्रोत्साहन स्वरुप खाईपाई आएको तलवमा शिक्षा तर्फ विनियोजित बजेट शिर्षकवाट रकम थप गरिदिने निर्णय गरियो ।

वाल शिक्षक - ३८ + ८ (गा पा) = ४६ (४६जना×९महिना×रु.१००० = ४१४,०००।-)
कार्यालय सहयोगी - ९ (९जना×९महिना×रु.१५०० = १,२१,५००।-)
कार्यालय सहयोगी - ६+२१+२०= ४७ (४७जना×९महिना×रु.१००० = ४,२३,०००।-)
विद्यालय कर्मचारी - ९ जना (९जना ×९ महिना ×रु.१५०० = १,२१,५००।-)
**जम्मा - १०,८०,०००।-**

३. मर्स्याङ्दी गाउँपालिकाको चिनारी र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि म्यूजिक भिडियो निर्माण गर्ने निर्णय गरियो र सोका लागि पर्यटन प्रवर्द्धन शिर्षकमा विनियोजित बजेटबाट रु.५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

४. घनपोखरा होम स्टे प्रवर्द्धनको लागि म्यूजिक भिडियो निर्माण गर्ने र सोका लागि पर्यटन प्रवर्द्धन शिर्षकबाट रु. ४,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

५. पर्यटन प्रवर्द्धन गर्नका निम्ति हर्सिङ डाँडावाट प्याराग्लाईडिङको सम्भाव्यता अध्ययन र टेस्ट फ्लाईट गर्ने निर्णय गरियो र सोका लागि आवश्यक बजेट पर्यटन प्रवर्द्धन शिर्षकमा विनियोजित बजेटवाट भुक्तानी गर्ने निर्णय गरियो ।

६. टेन्डर स्विकृत सम्वन्धमा ।
कार्यालयले आव्हान गरेका तपशिल बमोजिमका बोलपत्रहरु स्वीकीत गर्ने निर्णय गरियो ।

| ठेक्का नं. | कामको बिबरण | बोलपत्रदाताको नाम | कबोल अङ्क |
|---|---|---|---|
| 01/MRM.ROAD 077/08 | CONSTRUCTION AND UPGRADING OF BAHUNDADA GHERMU ROAD | PARAS NIRMAN SEWA TANAHU | 3694348.10 |
| 02/MRM.ROAD 077/08 | UPGRADING OF KHUDI ROPLEPHAT NAYU GHANPOKHARA ROAD | HIMALAYAN CONSTRUCTIO N SANKHAMUL | 3927959.49 |
| 03/MRM.ROAD 077/08 | UPGRADING O KHUDI SIURUNG SYANGE ROAD | PURANKOT JALDEVI CONSTRUCTIO N BESI SAHAR | 3098337.82 |

७. सडक हेरालुको , लागि रु १४ लाख विनियोजन गरिएकोमा नपुग भएको रकम रु ६७,०००।- समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाँउपालिकाको बाताबरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६ बमोजिम संक्षिप्त बाताबरणीय परिक्षण प्रतिवेदन पारित गर्न शिफारिश गर्न तपशिल बमोजिमको बिज्ञ समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | -संयोजक |
| सहायक प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| सहायक बन अधिकृत | -सदस्य |
| कानुनविद | -सदस्य |
| इन्जिनियर | -सदस्य |

९. गाउँपालिकाले आव्हन गरेको प्रस्ताब बमोजिम मुल्याङ्कन समितिले पेश गरेको गाँउपालिका स्तरिय १० शैयाको अस्पताल निर्माण सम्बन्धी परामर्श सेवाको मुल्याङ्कनलाई सदर तथा अनुमोदन गरी परामर्शदातालाई आवश्यक मार्गदर्शन प्रदान गर्ने निर्णय गरियो ।